१००३ औं बैठक

आज मिति २०७७ साल श्रावण २३ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेँल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री नोखिराम ओली प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम वहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान वहादुर ठाडा लेखा अधिकृत
श्री कुलवहादुर खड्का, ना.सु.
श्री दिपा गिरी

**प्रस्ताव नं. १ : लिखित जवाफ पेश गर्न अख्तियारी दिने सम्बन्धमा ।**

निर्णय नं १ : उच्च अदालत सुर्खेतमा सम्वत २०७६को रिट नं. ०७६-WO-००३५ नेत्र बहादुर देवकोटा निवेदक, विरुद्ध भेरीगंगा नगरपालिका, सुर्खेतका का.वा. नगर प्रमुख रेणु आचार्य, भेरीगंगा नगर कार्यपालिका, छिन्चु सुर्खेत, भेरीगंगा नगरपालिका, छिन्चु सुर्खेतको मुद्धा उत्प्रेषणसहितको प्रतिषेध सम्बन्धि मुद्धाको सम्वन्धमा मिति २०७७।४।१५ गते यस नगरपालिकामा १५ दिने म्याद तामेली हुन आएकोले नगर कार्यपालिकाको तर्फबाट नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्द, का.वा. नगर प्रमुख रेणु आचार्यको तर्फबाट नगर उप प्रमुख श्री रेणु आचार्य र नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री नोखिराम ओलीलाई उच्च अदालत सुर्खेतमा लिखित जवाफ पेश गर्नको लागि अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : सरसफाईको रकम नलिने सम्बन्धमा ।**

निर्णय नं. २ : कोरोना भाईरस (कोभिड १९) को समयको यस नगरपालिकाबाट उठाउन बाँकी रहेको सरसफाई शुल्क (चैत्र देखि असार मसान्तसम्मको समयको) नलिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : विद्यालयमा रहेका क्वारेन्टीन खाली सम्बन्धमा ।**

निर्णय नं. ३ : कोरोना भाईरस (कोभिड १९) को समयमा यस नगरपालिकाबाट विभिन्न समयमा निर्णय गरि सामुदायिक विद्यालयहरुमा क्वारेन्टीन संचालन गरिएको र नेपाल सरकारबाट भाद्र १ गतेबाट विद्यालय भर्ना कार्यक्रम संचालन गर्ने सम्बन्धि निर्णय भएको साथै शिक्षा तथा मानव श्रोत विकास केन्द्रले समेत मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्बन्धि परिपत्र गरिसकिएकोले विद्यालयहरु खाली गरी निर्मलीकरण गर्ने र क्वारेन्टीनको रुपमा राताचौरमा रहेको बहुउद्धेश्यीय भवन र गणेश स्मृती भवनलाई प्रयोगमा ल्याउने निर्णय गरियो । साथै उक्त क्वारेन्टीन संचालनका लागि ११ नं. वडा अध्यक्ष श्री तीलकराम डाँगीको संयोजकत्वमा १३ नं. वडा अध्यक्ष श्री टिकाराम सुवेदी र कार्यपालिका सदस्य श्री शेर बहादुर कामी रहने गरी ३ सदस्यीय संचालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: लिखित जवाफ पेश गर्न अख्तियारी दिने सम्बन्धमा ।**

निर्णय नं. ४ : सम्मानित उच्च अदालत सुर्खेतमा सम्बत २०७७ को रिट नं. ०७७-WO-०००५, बालकृष्ण सुनारसमेतले भेरीगंगा नगरपालिकाको प्रमुख भुपेन्द्र बहादुर चन्द र प्रमुख प्रशासकीय अधिकृत नोखिराम ओलीका विरुद्धमा उत्प्रेषण/परमादेश सम्बन्धि रिटको लिखित जवाफ पेश गर्नका लागि नगर कार्यपालिकाको कार्यालयको तर्फबाट नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्द र नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री नोखिराम ओलीलाई लिखित जवाफ पेश गर्न अख्तियारी दिने निर्णय गरियो ।

Scanned with CamScanner